नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्र,
टेकु, काठमाडौं

## ३० औं विश्व एड्स दिवस २०७४ (डिसेम्बर १, २०१७)

# प्रेस विज्ञप्ति

**काठमाडौं, २०७४ मंसिर १५ गते:** आधुनिक मानव इतिहासमा छोटो अवधिमा नै अत्यन्त तीव्ररत रुपले फैलिएर विश्वव्यापी महामारीको रुप लिएको एचआइभी तथा एड्स विगत तीन दशकदेखि निरन्तर जनस्वास्थ्य, सामाजिक तथा आर्थिक लगायतका क्षेत्रहरुको निम्ति चुनौतीको रुपमा रहेको छ। सन् २०१६ को अन्त्य सम्म संसारभर ३ करोड ६७ लाख व्यक्तिहरूमा एचआईभी संक्रमण भएको अनुमान गरिएको छ भने नेपालमा ३२ हजार ७३५ जनामा एचआइभी संक्रमण भएको अनुमान छ। ती मध्ये पुरुषको संख्या २० हजार २३२ र महिलाको संख्या १२ हजार ५०३ रहेको छ। नेपालका वयस्क (१५ वर्षदेखि ४९ वर्षको उमेर समुहमा) जनसंख्यामा एचआइभीको व्याप्तता दर ०.१७ प्रतिशत रहेको छ। नेपालमा करिब ७० प्रतिशत एचआइभी संक्रमण असुरक्षित यौनसम्पर्कको माध्यमबाट सरेको पाइएको छ। नेपालको वर्तमान एचआईभीको अवस्थालाई केन्द्रीकृत महामारी (अर्थात कन्सन्ट्रेटेड इपिडेमिक) को रुपमा परिभाषित गरिन्छ। यसको अर्थ एक वा सो भन्दा बढी एचआइभी सर्नसक्ने जोखिममा रहेका समूहमा एचआईभी संक्रमण दर ५ प्रतिशत भन्दा बढी तर सामान्य जनसंख्यामा एचआईभी संक्रमण दर १ प्रतिशत भन्दा कम हुनु हो। नेपालमा एचआईभी संक्रमणको उच्च जोखिममा रहेका समुहहरु जस्तैः सुईद्वारा लागूपदार्थ प्रयोग गर्नेहरु, यौनकर्मी, पुरुष समलिगीं तथा तेस्रोलिगीहरु, रोजगारीका लागि विदेशिनेहरु र कारागारका कैदीहरु हुन्। यी मध्ये सुईद्वारा लागूपदार्थ प्रयोग गर्नेहरु र पुरुष समलिंगी यौनकर्मीहरुमा एचआईभी संक्रमणको दर अरु जोखिममा रहेका समूहभन्दा उच्च छ। नेपालमा एचआइभी तथा एड्स सम्बन्धि क्रियाकलापहरु राष्ट्रिय एचआईभी रणनीतिक योजना २०१६-२०२१ ले निर्देश गरे अनुरुप संचालित छन्।

सन् २०१० देखि सन् २०१६ सम्ममा विश्वब्यापी ११ प्रतिशतले नयाँ संक्रमण घटेको छ भने ४७ प्रतिशतले बच्चाहरुमा हुने संक्रमण कम भएको छ। यसैगरी, सन् २००५ (सबैभन्दा धेरै एड्स सम्बन्धी मृत्यु भएको बर्ष) देखि सन् २०१६ सम्ममा एड्सको कारणले मृत्यु ४८ प्रतिशतले घटेको छ। सन् २०१६ सम्ममा कुल एचआइभी संक्रमित मध्ये ५३ प्रतिशत (१ करोड ९५ लाख) मात्र एआरभी उपचारमा छन्। यसै गरी सन् २०१० को तुलनामा सन् २०१६ सम्ममा नेपालमा ५७ प्रतिशतले नयाँ संक्रमण घटेको छ भने ६८ प्रतिशतले बच्चाहरुमा हुने नयाँ संक्रमणमा कमी आएको छ। यसैगरी एड्सको कारणले मृत्यु हुने संख्या ३० प्रतिशतले घटेको छ। सन् २०१६ मा नेपालको कुल एचआइभी संक्रमित मध्ये ४० प्रतिशत (१४ हजार ५४४) मात्र एआरभी उपचारमा छन्। सन् २०३० सम्ममा एड्सको महामारीलाई अन्त्य गर्ने लक्ष्यका साथ एचआइभी तथा एड्स सम्बन्धि कार्यक्रमहरु संचालन भइरहेका छन्।

### विश्व एड्स दिवस

एचआइभी र एड्स सम्बन्धी प्रभावकारी रोकथाम, हेरचाह, सहयोग तथा उपचार सेवाको लागि विश्वव्यापी ध्यानाकर्षण गर्दै वृहत्त रूपमा जनचेतना जगाउने र भावी कार्यक्रमको लागि बहुपक्षीय संलग्नता र सहभागिता बढाउने अभिप्रायले सन् १९८८ देखि हरेक वर्ष डिसेम्बर १ तारिखका दिन विश्व एड्स दिवस मनाइने गरिन्छ। एड्स विरुद्ध विश्व अभियान कार्यक्रममा ऐक्यबद्धता जनाउनको लागि विश्वभरका सबै सरकारी, गैरसरकारी तथा निजी संघ संस्थाहरू, नागरिक समाज, संचार माध्यम लगायत सबै क्षेत्र र वर्गका व्यक्तिहरू एकजुट भई यो दिवस मनाउने गरिन्छ।

### विश्व एड्स दिवस २०१७

एचआइभी संक्रमणदरलाई अझै घटाउँदै लैजाने र एड्सको महामारीलाई अन्त्य गर्ने दिगो विकास लक्ष्यहरु (Sustainable Development Goals) तथा एचआइभी रोकथाम, हेरचाह, सहयोग तथा उपचार सम्बन्धी कार्यक्रमलाई तिब्रता (Fast-tracking AIDS response) दिनका लागि एड्स विरुद्ध विश्व अभियान अन्तर्गत **"मेरो स्वास्थ्य, मेरो अधिकार" (Right to Health)** भन्ने मूल नाराका साथ यस वर्षको विश्व एड्स दिवस मनाईदैछ। यो मूल विषय तथा नाराले सबै मानिसको आधारभूत अधिकारमा रहेको स्वास्थ्यलाई एचआइभी संक्रमितहरु तथा एचआइभी प्रभावितहरुले पनि आफ्नो निर्णयमा आफ्नै स्वास्थ्यको लागि लाञ्छना र भेदभाव रहितको एचआइभी रोकथाम, हेरचाह, सहयोग तथा उपचार सेवाको लागि जोड दिएको छ। यसले सन् २०२० सम्मको लागि ९०:९०:९० [अर्थात ९० प्रतिशत एचआइभी संक्रमितहरुले आफ्नो संक्रमण अवस्थाबारे थाहा पाउने, ती मध्ये ९० प्रतिशतको औषधी उपचारमा पहुँच हुने र ती औषधी खानेहरु मध्ये ९० प्रतिशतको शरीरमा भाइरसको भार (भाइरल लोड) न्यून भएको हुने] लक्ष्यलाई प्राप्त गर्न टेवा मिल्नेछ। यी लक्ष्यहरु हालै मात्र नेपाल लगायत विश्वले प्रतिबद्धता जनाएको दिगो विकास लक्ष्यको अंगको रुपमा लिईएको छ। यस लक्ष्यलाई हासिल गर्नका लागि

सरकारी, गैरसकारी र निजी संघ संस्थाहरू, दातृ निकायहरू, संचार माध्यम, नागरिक समाज, समुदाय, घरपरिवार तथा व्यक्तिहरूलाई एकजुट भई सक्रिय रूपमा कार्यरत रहन आह्वान गरेको छ ।

**अन्त्यमा**

विश्वमा एचआइभी पत्ता लागेको ३६ वर्ष पुगिसकेको छ भने विश्व एड्स दिवस मनाउन थालेको ३० वर्ष भइसकेको छ । नेपाल लगायत विश्वव्यापीरूपमा नै एचआइभीको नयाँ संक्रमण घट्दै गइरहेको छ भने हेरचाह र सहयोग लगायत एआरभी औषधि उपचारमा समेत पहुँच बढ्दै गएर एड्सको कारणबाट हुने मृत्युमा पनि कमी आएको छ । यी सबै उल्लेखनीय सफलता हासिल हुनुको पछाडि सरकारी, गैरसकारी र निजी संघसंस्थाहरू, दातृ निकायहरू, संचार माध्यम, नागरिक समाज, समुदाय, घरपरिवार तथा व्यक्तिहरूका, उल्लेखनीय र अतुलनीय योगदान रहेको छ । एचआइभी र एड्स सम्बन्धी लाञ्छना तथा भेदभावमा अझै कमि ल्याउन सकेमात्र सन् २०३० को अन्त्य सम्ममा एड्सको महामारीलाई अन्त्य गर्ने र दिगो विकास लक्ष्यलाई हासिल गर्न सकिन्छ । साथ साथै एचआइभीको अवस्था थाहा नपाएकाहरुलाई सर्वसुलभ रुपमा एचआइभीको परामर्श र परीक्षण गर्ने, संक्रमितहरु पत्ता लगाउने, सबै संक्रमितहरुलाई बेलैमा उपचार/हेरचाह र स्याहार सेवा अत्यावश्यक छ । एड्सको महामारीलाई अन्त्य गर्नका लागि हामी सबैको प्रतिबद्धता, प्रयास र लगानीलाई अझ रणनीतिक, सशक्त, सुदृढ र तीब्र बनाउन जरूरी छ र यसका लागि विश्व एड्स दिवस २०१७, मूल समारोह समिति हार्दिक आह्वान गर्दछ ।

हाल सम्मको एचआइभी कार्यक्रमको उपलब्धि बारे जानकारीको निम्न वेवलिंकमा हेर्नुहोला : https://www.ncasc.gov.np/WAD2017/

**एचआइभी र एड्स सम्बन्धी थप जानकारीको लागि सम्पर्क राख्नुहोस् :**
राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्र, टेकु www.ncasc.gov.np
जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयहरू
एचआइभी, एड्स तथा यौनरोग नियन्त्रणका क्षेत्रमा कार्यरत संघ सस्थाहरू

**<u>विश्व एड्स दिवस २०१७ को उपलक्ष्यमा संचालन हुने बिशेष कार्यक्रमहरु :</u>**

- "Red Ribbon" पार्कको उद्घाटन
- एचआइभी संक्रमित स्मृतिस्तम्भ शिलान्यास
- एचआइभी परिक्षण भ्यानको उद्घाटन
- कण्डम फेशन शो
- अनावरण :
  - National Consolidated Guidelines on Strategic Information of HIV Response in Nepal
  - PMTCT Training Manual 2017
  - HIVTreatment Literacy Training Manual 2017
  - Pediatrics Disclosure Guideline 2017
  - National Guideline on Community Led HIV Testing in Nepal 2017
  - live2LUV in Nepal
  - UN Facebook Page
- एचआईभी जनचेतना अभिबृद्धि तथा दिप प्रज्ज्वलन कार्यक्रम (माइतीघर मण्डलामा साझ ५ बजे देखि ७ बजे सम्म )

डा. बिकाश लामिछाने
निर्देशक